(२) शहरी स्वास्थ्य केन्द्रलाई आवश्यक पर्ने औषधी, औजार उपकरण, फर्निचर, मसलन्द लगायत कार्यालय संचालन सम्बन्धि सामग्रीहरुको आपूर्ति व्यवस्था प्यूठान नगरपालिकाले गर्नुपर्ने छ ।

(३) शहरी स्वास्थ्य केन्द्रमा काम गर्ने कर्मचारीहरुको व्यवस्थापन तथा कामको रेखदेख सम्बन्धित शहरी स्वास्थ्य केन्द्र ब्यबस्थापन समिति, वडा कार्यालय, स्वास्थ्य सस्था र नगरपालिका गर्ने छ ।

(४) शहरी स्वास्थ्य केन्द्रको भवन निर्माण, मर्मत सम्भारका लागि आवश्यक बजेटको व्यवस्थापन गर्ने जिम्मेवारी प्यूठान नगरपालिकाको हुनेछ ।

(५) शहरी स्वास्थ्य केन्द्रबाट सेवा प्रवाह गर्दा कम्तीमा सामान्य उपचारात्मक सेवा, खोप सेवा, परिवार नियोजन सेवा, सुरक्षित मातृत्व सेवा, पोषण स्वास्थ्य सेवा, सर्ने तथा नसर्ने रोगहरुको रोकथाम परामर्श तथा स्क्रिनिङ्ग सेवा, औषधी वितरण, स्वास्थ्य प्रवर्द्धन जनचेतना अभिबृद्धि लगायत स्वास्थ्य आमा समूह, समुदाय केन्द्रित तोकिएका अन्य स्वास्थ्य सचेतिकरण र स्वास्थ्य अभियानका सेवा प्रवाहको सुनिश्चितताको व्यवस्था प्यूठान नगरपालिकाले गर्नु पर्नेछ।

(६) शहरी स्वास्थ्य केन्द्रले सेवा दिएका सेवाग्राहीहरुको विवरण स्वास्थ्य ब्यबस्थापन सूचना प्रणालीका बिभिन्न सेवा रजिष्टरमा अनिवार्य अभिलेख राखि मासिक रुपमा सम्वन्धित वडाको स्वास्थ्य सस्था मार्फत नगरपालिका प्रतिवेदन पेश गर्नु पर्नेछ।

**६. शहरी स्वास्थ्य केन्द्र स्तरीय स्वास्थ्य व्यबस्थापन समिति गठन**

(१) प्यूठान नगरपालिकामा स्थापना हुने शहरी स्वास्थ्य केन्द्रको सञ्चालन, रेखदेख र समन्वय व्यवस्थापन गर्न देहाय बमोजिम ९ सदस्यि स्वास्थ्य व्यवस्थापन समिति गठन हुने छ ।

(क) नगर प्रमुख- संरक्षक

(ख) शहरी स्वास्थ्य केन्द्र रहेको सम्बन्धित बडाको वडा अध्यक्ष- अध्यक्ष

(ग) समितिले मनोनित गरेको निर्वाचित महिला सदस्य- उपाध्यक्ष

(घ) शहरी स्वास्थ्य केन्द्र रहेको क्षेत्रको विद्यालयका प्रधानाध्यापक/ प्राचार्य मध्येबाट महिला- सदस्य

(ङ) स्थानीय व्यापार संघ प्रतिनिधि- सदस्य

(च) शहरी स्वास्थ्य केन्द्र रहेको सम्यन्धित टोलको महिला सामुदायिक स्वास्थ्य स्वयं सेविका मध्ये- सदस्य

(छ) वडा कार्यालयका अधिकृत/ सहायक कर्मचारी- सदस्य

(ज) सम्वन्धीत वडाको शहरी स्वास्थ्य केन्द्रको प्रमुख-सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिका अध्यक्ष र सदस्य सचिवको संयुक्त दस्तखतबाट शहरी स्वास्थ्य केन्द्रको बैंक खाता सञ्चालन हुनेछ ।

**७. शहरी स्वास्थ्य केन्द्रको जग्गा तथा भवन सम्बन्धि व्यवस्था**

(१) शहरी स्वास्थ्य केन्द्रको लागि कम्तिमा जग्गाको लागि ८०० वर्ग मिटर क्षेत्रफल भएको हुनुपर्ने छ। उक्त जग्गा सम्बन्धित समुदायले व्यवस्था गर्नु पर्नेछ।

(२) शहरी स्वास्थ्य केन्द्रको भवन कम्तिमा ३ कोठे खानेपानी र शौचालय सहित अन्य आवश्यक भौतिक संरचना समेटि निर्माण गर्नु पर्नेछ र भौतिक संरचना निर्माणका लागि लाग्ने आर्थिक स्रोतको व्यवस्थापन प्यूठान नगरपालिकाले गर्नेछ ।

